हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-
महाशाखा/शाखा/इकाई : युवा तथा खेलकुद शाखा
चलानी नं. : ६९६

मिति :- २०८२/०१/१४

श्री वडा अध्यक्ष ज्यू
सबै वडा कार्यालय, हेटौंडा उपमहानगरपालिका ।

विषय : सहभागीता सम्बन्धमा ।

प्रस्तुत विषयमा हेटौंडा उपमहानगरपालिकाको आ.व. २०८१।०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार युवा तथा खेलकुद उपक्षेत्र तर्फको मेयरकप फुटबल प्रतियोगिता कार्यक्रम हेटौंडा उपमहानगरपालिका नगर खेलकुद विकास समितिको निर्णय अनुसार मिति २०८२।०२।०३ गते देखि क्याम्पा रङ्गशाला हेटौंडा ५ मा सञ्चालन गर्ने निर्णय भएकोले त्यस वडा को तर्फबाट खेलाडिहरुको टिम प्रमाणित गरी सहभागीताको लागि मिति २०८२।०१।३० गते भित्र कार्यालयमा पठाइदिनुहुन निर्देशानुसार अनुरोध छ । खेलसम्बन्धी आवश्यक निर्देशन, शर्त तथा फाराम यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा समेत अनुरोध छ ।

हरिचन्द्र सापकोटा
अधिकृतस्तर आठौं

**बोधार्थः**
श्री सूचना प्रविधि शाखा, हेटौंडा उपमहानगरपालिका : पत्र वेभसाइटमा अपलोड गरिदिनुहुन ।

हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-
महाशाखा/शाखा/इकाई : युवा तथा खेलकुद शाखा
चलानी नं. : ६९६

## प्रतियोगिता सम्बन्धी नियम तथा शर्तहरु

१। प्रतियोगिता अन्तर्राष्ट्रिय फुटबल महासङ्घ (फिफा)को नियमअनुसार खेलाइनेछ। खेल अवधि भर खेल सम्बन्धी सम्पूर्ण अधिकार आयोजक समिति र निर्णायकमा निहित हुनेछ। कुनै विवाद भएमा आयोजकको निर्णयनै अन्तिम हुनेछ।

२। खेल तालिका मिति २०८२।०२।०१ गते बिहिबार दिउसो १:०० बजे उपमहानगरपालिका सभाहलबाट सार्वजनिक गरिनेछ। उक्त कार्यक्रममा प्रत्येक खेलाडि टिमको टिम क्याप्टेन अनिवार्य उपस्थित हुनुपर्नेछ।

३। सहभागी खेलाडी सम्बन्धित वडाको स्थायी बासिन्दा हुनुपर्नेछ। सम्पुर्ण टिमको नेपाली नागरिकताको प्रतिलिपी वा बसाइसराइको कागजात फारामसाथ पेश गर्नुपर्नेछ।

४। सहभागी टिममा वडाको तर्फबाट १८ जना खेलाडी १ जना प्रशिक्षक १ जना व्यवस्थापक र २ जना अफिसियल गरी २२ जनाको नाम फोटो सहित वडा अध्यक्षले प्रमाणित गरी फारम भरि फाइल तयार गरी तोकिएको समय अवधिभित्र नगरकार्यपालिकाको कार्यालय युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ।

५। खेल अवधिभर आकस्मीक सामान्य प्राथमिक उपचार आयोजकले व्यवस्था गर्नेछ। थप उपचार गर्नुपर्ने भएमा सम्बन्धित टिम वा वडाबाट गर्नुपर्नेछ।

६। सहभागी टिमले आफैले व्यवस्थापन गरी अनिवार्य रुपमा खेलको पोशाक लगाउनुपर्नेछ।

७। खेलतालिका सार्वजनिक गरिने मिति समय र स्थानमा सहभागी टिमको प्रतिनिधि उपस्थित हुनुपर्नेछ कुनै टिमबाट प्रतिनिधित्व हुन नसकेमा तालिका सार्वजनिक गर्न बाधा पुग्ने छैन।

८। सहभागी टिमको लागि खाना, खाजा, यातायात, अभ्यास खेल सामग्री लगायत अन्य आवश्यक कुराहरुको खर्चको व्यवस्थापन सहभागी टिमले आफैंले गर्नुपर्नेछ।

९। कुनै विशेष वा प्राविधिक कारणले खेलतालिकामा हेरफेर गर्नुपर्ने भएमा आयोजकले निर्णय गरी सूचना उपलब्ध गराउनेछ।

१०। कुनै टिम वा खेलाडी विरुद्ध दाबी विरोध गर्नुपरेमा खेल समाप्त भएको ३० मिनेट अवधि भित्र नगद रु ५,०००।- हजार सहित आवश्यक प्रमाण राखी आयोजक समक्ष निवेदन पेश गर्न सकिन्छ।

हरिश्चन्द्र सापकोटा
अधिकृतस्तर आठौं

हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

बागमती प्रदेश, नेपाल


पत्र संख्या :-

महाशाखा/शाखा/इकाई : युवा तथा खेलकुद शाखा

चलानी नं. :

११। प्रतियोगितामा प्रथम र द्धितीय हुने टिमलाई क्रमशः रु २,५०,०००।-(दुई लाख पचास हजार रुपैया मात्र), २,००,०००।-(दुई लाख रुपैया मात्र) साथै शिल्ड, मेडल, प्रमाण पत्र र विधागत पुरस्कारहरुमा सर्वोत्कृष्ठ खेलाडिको लागि रु १५,०००।- उत्कृष्ट फरवार्ड, उत्कृष्ट गोलकिपर, उत्कृष्ट प्रतिरक्षक र उत्कृष्ठ प्रशिक्षकको लागि रु १०,०००।- साथै प्रत्येक खेलको म्यान अफ द म्याचको लागि मायाको चिनो प्रदान गरिनेछ ।

१२। तोकिएको समयमा टिम सहभागी नभएमा विपक्षी टिमलाई विजेता घोषणा गरिनेछ । कुनै कारणवश तोकिएको समयमा उपस्थित हुन नसकेको पर्याप्त आधार प्रमाण भएमा बढीमा एक घण्टासम्म समयतालिका हेरफेर गर्न सकिनेछ ।

१३। एक खेलमा एक टिमले पाँचजना खेलाडी मात्र परिवर्तन गर्न सक्नेछ ।

१४। खेलाडी टिमको व्यवस्थापक जनप्रतिनिधि ज्यूहरू मध्येबाट हुनुपर्नेछ ।

१५। नियम विपरीत तथा अनुशासनहीन क्रियाकलाप गर्ने खेलाडीहरूलाई प्रचलित कानुन बमोजिम कारबाहीको लागि सिफारिस गरिनेछ । र प्रतियोगिता अवधिभर सम्बन्धित टिमबाट खेलमा सहभागी गराइनेछैन ।

१६। प्रतियोगिता सम्बन्धी अन्य जानकारीको लागि देहायबमोजिमका व्यक्तिहरुलाई सम्पर्क गर्न सकिनेछ । (रविन्द्र प्रसाद घिमिरे ९८५५०३७१९२, सुनिल लोप्चन ९८४५०७६३५८, यज्ञ बहादुर राय ९८५५०६५७८९, विजय गौतम ९८५५०७५९६१, सरस्वती लो ९८६५०१३६१५, संगीता कुमारी के सी ९८४५८४७५०३, युवा तथा खेलकुद शाखा ९८४५१२५५४५, ९८५५०६८८२३)

१७। मेयरकप फुटबल प्रतियोगितालाई भब्य र सभ्य ढंगबाट सम्पन्न गराउनु तपाई हामी सबैको दायित्व भएकोले उल्लिखित निमय तथा शर्तहरु पालना गरी सहभागीताको लागि सादर अनुरोध छ ।

हरिचन्द्र सापकोटा
अधिकृतस्तर आठौं

हेटौंडा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## नगर खेलकुद विकास समिति
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

युवा तथा खेलकुद शाखा
# मेयरकप फुटबल प्रतियोगिता २०८१
**खेलाडी दर्ता फाराम**

नाम : .........................................................................

खेल्न चाहेको पोजिसन : ..............................................

जन्म मिति: ..............................................................

ठेगाना : ..................................................................

मोबाइल नं. ............................................................

मेयरकप फुटबल प्रतियोगिताको लागि जारी गरिएका शर्तहरु पालना गर्नेगरी फुटबल प्रतियोगितामा सहभागी हुन चाहान्छु ।

खेलाडिको
दस्तखत ..............................

मिति ....................................

वडाकार्यालयको तर्फबाट
वडा सचिबको
दस्तखत : ....................................
नाम: ...........................................

स्वीकृत गर्ने वडाध्यक्षको
दस्तखत : ...................................
नाम: ............................................